# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख
### कर्णाली प्रदेश, नेपाल

प.स. २०८२।०८३
च.नं.

मितिः २०८३।०२।०४

**विषयः विद्यालय समायोजन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८३।०१।३१ गतेको निर्णय अनुसार दुल्लू नगरपालिकाको विद्यालय समायोजन, दरवन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३ को दफा ५ बमोजिम शैक्षिक सत्र २०८३ देखि लागु हुनेगरी विद्यालय समायोजन तथा तह मिलान गर्ने निर्णय भएको हुँदा सोही अनुसार कार्यान्वयन गर्नु गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१) विद्यालयहरुको समायोजन तथा व्यवस्थापनः

| क्र. स. | विद्यालयको नाम र ठेगाना | साविकको तह/कक्षा | कायम भएको तह/कक्षा | समायोजन भएको विद्यालयको नाम |
|---|---|---|---|---|
| १ | श्री मालिका आ.वि. धारापानी दुल्लू नपा २ | कक्षा १-५ | प्रारम्भिक वाल विकास कक्षा | भानेश्वर माध्यमिक विद्यालय दुल्लू नपा २ |
| २ | श्री विन्द्रा वासिनी आ.वि. दुल्लू नपा १० | कक्षा १-५ | कक्षा १-३ | पञ्चकोशी ज्वाला मा.वि. गमौडी दुल्लू नपा १० |
| ३ | श्री भैरव आ.वि. दुल्लू- ११, लामागडा | कक्षा १-५ | कक्षा १-३ | भानु मा.वि. कालभैरब दुल्लू नपा ११ दैलेख |
| ४ | श्री दिपेन्द्र आ.वि. दुल्लू- ११, भूकाहाँ | कक्षा १-५ | कक्षा १-३ | ज्वाला आ.वि. भूकाँहा दुल्लू नपा ११ दैलेख |
| ५ | श्री दिपज्योति आ.वि. दुल्लू- १२, लम्सु | कक्षा १-३ | प्रारम्भिक वाल विकास कक्षा | सुर्योदय मा.वि. लम्सु दुल्लू नपा १२ दैलेख |
| ६ | श्री देउतीस्थान आ.वि बाँसकोट दुल्लू नपा १३ | कक्षा १-३ | - | कालिकादेबी मा.वि. हाडेआवत दुल्लू नपा १३ |
| ७ | श्री माईभगवती आ.वि. दुल्लू नपा १० | कक्षा १-५ | प्रारम्भिक वाल विकास कक्षा | इन्द्रज्वाला आ.वि. राजाकाँध दुल्लू नपा १० |
| ८ | श्री जनकल्याण आ.वि. दुल्लू नपा ११ तुल्धारा | कक्षा १-५ | - | सरस्वती देबी मा.वि.विनायक दुल्लू नपा १३ |
| ९ | श्री नवदुर्गा आ.वि. भजनियाँ दुल्लू नपा ९ | कक्षा १-८ | कक्षा १-५ | प्रेमदेबी मा.वि. धामीगाउँ दुल्लू नपा ९ दैलेख |
| १० | श्री भैरब आ.वि. दह दुल्लू नपा १२ | कक्षा १-८ | कक्षा १-५ | सुर्योदय मा.वि. लम्सु दुल्लू नपा १२ दैलेख |
| ११ | श्री नरेश्वर उद्यमशिल मा.वि. दुल्लू नपा २ | कक्षा १-१२ | कक्षा १-१० | सरस्वती मा.वि. कृष्णकोट दुल्लू नपा ४ दैलेख |
| १२ | श्री प्रेमदेबी मा.वि. धामीगाउँ दुल्लू नपा ९ | कक्षा १-१२ | कक्षा १-१० | नेपाल राष्ट्रिय मा.वि. किर्तीखम्ब/ धुलेश्वर मावि चगत्रा |

पदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२) समायोजन भएका विद्यालयहरुले विद्यार्थीको IEMIS समायोजन भई गएका सम्वन्धित विद्यालयमा स्थानान्तरण गर्नुपर्ने ।

३) वाल विकास कक्षा मात्र कायम रहेका विद्यालयको हकमा वाल विकास केन्द्रका शिक्षकहरु सोही विद्यालयमा हाजिर भई कामकाज गर्ने र अन्य स्वीकृत दरवन्दी, राहत कोटामा कार्यरत शिक्षक तथा कर्मचारीहरु अर्को व्यवस्था नभए सम्मका लागि हाल समायोजन भई गएको विद्यालयमा हाजिर भई कामकाज गर्ने गराउने ।

४) माईभगवती आ.वि. दुल्लू नपा १० को प्रारम्भिक वाल विकास कक्षा सञ्चालनका लागि इन्द्रज्वाला आ.वि. राजाकाँध दुल्लू नपा १० बाट तत्काललाई वाल विकास शिक्षक खटाई कामकाज गर्ने गराउने ।

५) समायोजन भएका विद्यालयको चल, अचल सम्पति संरक्षण गर्ने दायित्व समायोजन भई गएका विद्यालयको रहने छ ।

६) दुल्लू नगरपालिकाको विद्यालय समायोजन, दरवन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३ मा विद्यालयको तह/कक्षा सञ्चालनका लागि कुनैपनि अनुदान प्राप्त नगरेका विद्यालयहरुले सो तह/कक्षा घटाई विद्यालय सञ्चालन गर्न चाहेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित सूचना प्रकाशन भएको मितिले सात दिन भित्र यस नगरपालिकामा निवेदन पेश गर्नुपर्ने छ ।

पदम वहादुर बुढा क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

पदम बहादुर बुढा क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

CamScanner